# भागेश्वर गाउपालिकाको लेकवेशी कृषि सहकारी सस्था लिमिटेडको आन्तरिक अनुगमन प्रतिवेदन

मिति २०८१-१-१६ देखि २३ सम्म

स्थान भागेश्वर गा पा वार्ड न २, डडेल्धुरा ।

प्रक्रिया :- खाताहरुको अध्ययन, लेखा परीक्षण प्रतिवेदन, शेयर सदस्यहरुको अन्तरवार्ता लगायतका साधारण सभा र वैठक निर्णयहरुको रिर्पोटहरुको अध्ययन आदी ।

अनुगमन प्रतिवेदनको संयोजक श्री खगेन्द्र भारती

सदस्य श्री प्रेम सिह घोटा

सदस्य श्री मदन सिह भाट

सदस्य श्री वीर वहादुर मल्ल

सदस्य श्री चेत राज भट्ट

परिचय :

सहकारी सहकार्यात्मक कार्य संस्कृतिको आधार हो । व्यक्तिहरूका साझा लक्ष्य भेटाउने बाटो वा गोरेटो हो । समुदायका व्यक्तिका आकांक्षा र आवश्यकता मेटाउने साधन हो । पारस्परिक रूपमा हित प्रवद्र्धनका लागि एक आपसमा जुट्ने माध्यम हो । सहकारीको सिद्धान्त अनुसार पूँजी लगानी गर्ने सबै सदस्यहरू मालिक हुन पाउने संयन्त्र हो । सहकारीमा आवद्ध सबै सदस्यहरूको सामूहिक लाभका लागि सदस्यहरूमार्फत् रचनात्मक र सिर्जनात्मक कार्य गराउने मेलो हो । सीमित तथा न्यून पूँजी हुने व्यक्तिहरूलाई पनि केही न केही नविन कार्य गर्न उत्प्रेरित गर्ने उत्प्रेरक थलो हो । सदस्यहरूको अग्रसरता र स्वामित्वमा स्थापना हुने सदस्यहरूकै रेखदेखमा सञ्चालन हुने तथा आर्जित लाभको उपभोग पनि सदस्यहरूले नै सदस्य केन्द्रित एवम् प्रजातान्त्रिक कार्य संस्कारसहितको संरचना हो । सामान्यतया सहकारी भन्नाले निम्न विशेषता रहेको संस्था भन्ने बुझिन्छ :

-समुदायमा आधारित रही सदस्यहरुको हितका लागि सामूहिक रूपमा काम गर्ने एकीकृत समूह नै सहकारी हो,

-यो एक किसिमको सामाजिक र आर्थिक सङ्गठन हो जुन केही निश्चित उच्च मूल्यहरूमा आधारित हुन्छ,

-सहकारीहरू स्वैच्छिक, जनकेन्द्रित र स्वयंसेवी सङ्गठन हो,

-यसको मूल उद्देश्य सामूहिकता द्वारा विना शोषण मानवीय आवश्यकता पूरा गर्न स्थापना भएको हुन्छ,

-धेरै व्यक्तिहरू मिलेर सामूहिक रूपमा काम गर्ने प्रवृत्ति नै सहकारिता हो ।

**सहकारीको महत्व :**

कुनै पनि राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणमा उल्लेख्य भूमिका हुने सहकारी विश्वका पूँजीवादी समाजवादी तथा मिश्रित सबै प्रकारको अर्थव्यवस्था अगालेका विकसित विकासोन्मुख, एवम् अति कम विकसित राज्यमा सहकारीको प्रभावकारी उपस्थिति र योगदान देखिन्छ । करोडौं अमेरिकी नागरिकलाई विद्युत वितरण गर्न सक्षम अमेरिकी ग्रामीण विद्युत सहकारी, करोडौं उपभोक्तालाई दैनिक उपभोग्य सामग्री उपलब्ध गराउने जापानी उपभोक्ता सहकारी, करिब सबैजसो किसान संलग्न र ४० हजार भन्दा बढी संस्थाको

सहकार्यमा मलको कारोबार गर्ने भारतीय मल सहकारी, सबैभन्दा ठूलो स्वतन्त्र ट्राभल एजेन्सी चलाएको बेलायतको पर्यटन सहकारी तथा मुलुकको दुग्ध उत्पादनमा ९० प्रतिशत भन्दाबढी योगदान गर्ने उरुग्वेका दुग्ध सहकारी विश्व सहकारीका केही प्रतिनिधिमूलक नमुना हुन् ।

नेपालमा वि स २०१३ सालदेखि हालसम्म करिब ३० हजार सहकारी संस्थाहरूले लाखौ मानिसलाई सहकारी अभियानमा समेटेका छन् । हजारौलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरेका छन । पूँजी तथा निक्षेप सङ्कलन परिचालन र ऋण लगानीमा उल्लेख्य हिस्सा ओगटेका छन् । देशको समग्र वित्तीय कारोबारमा करिब १५ प्रतिशत भन्दा बढी योगदान पु-याएका छन् । तेह्रौं योजना (२०७०/०७१—०७२/०७३) को आधार पत्रमा उल्लेख गरिए अनुसार देशको कूल ग्राहस्थ उत्पादनमा सहकारीको योगदान ३ प्रतिशत पुगेको छ । सहकारीले नेपालमा रोजगारीको सिर्जना, सामाजिक एकीकरण, गरिबी निवारण तथा आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पु-याएको छ । यसरी हेर्दा सहकारीको महत्व नेपालमा मात्र नभएर विश्वभर नै अत्यन्त ओजिलो र गर्विलो छ । देश विकासको क्रममा सानो तिनो आर्थिक क्षमतालाई एकत्रित गरी सामूहिक प्रयासद्वारा कृषि विकास, घरेलु इलम र उद्योग धन्दाहरूको परिचालन गरी सहकारी क्षेत्रले राष्ट्रिय विकासमा अर्थपूर्ण योगदान पु-याएको पाइन्छ ।

-सहकारीका माध्यमबाट स—सानो पूँजी सङ्कलन गरी यसबाट आयआर्जन रोजगार तथा आफ्ना आवश्यकता पूरा गर्न सकिन्छ,

-स्थानीय श्रम सीप र पूँजीलाई अधिकतम रूपमा परिचालन गर्न सकिन्छ,

-समुदायका सदस्यहरुले बचत गर्ने तथा समुदायकै सदस्यहरूलाई नै लगानी गर्ने हुनाले साना व्यापार व्यवसायको विस्तार र प्रवद्र्धनमा सहयोग पुग्दछ,

-सुपथ मूल्य कायम गरी उपभोक्ताको हित प्रवद्र्धन गरेको छ,

-सहकारीले व्यवसायिक संस्कृति तथा प्रवृत्तिको विकास गरेको छ । जसको फलस्वरूपः उद्यमशिलताको विकास भएको छ,

-शहरी तथा ग्रामीण क्षेत्रमा स्वरोजगार सिर्जना गर्दै गरिबी घटाउने राष्ट्रिय लक्ष्य हासिल गरेको छ,

-सामाजिक परिचालन र सशक्तीकरणमा योगदान पु=याएको छ,

-परनिर्भरता हटाउन सहयोग गरेको छ,

-प्रजातान्त्रिक परिपाटीको विकास भएको छ ।

**लेकवेशी कृषि सहकारी संस्था लिमिटेड परिचय :**

लेकवेशी कृषि सहकारी संस्था लिमिटेड वि.स.२०७० साल जेष्ठ महिना १७ गते कञ्चनपुर जिल्लाको भागेश्वर रुपाल २ मुख्य कार्यालय रहने गरी २२३ जना शेयर सदस्यहरुबाट रु.२८३०००।— शेयर पुंजी संकलन गरी तत्कालिन सहकारी ऐन अन्तर्गत स्थापना भएको संस्था हो

यस संस्थाले सदस्यहरुलाई आवश्यक सम्पूर्ण वित्तीय सेवा तथा कृषि प्रवद्र्धन कार्यक्रम मार्फत विभिन्न कृषि सम्बन्धी निःशुल्क तालिम तथा घरदैलो मै परामर्श सेवा दिनुका साथै स्थानीयहरुलाई दैनिक उपभोग्य वस्तु

सुलभ दरमा उपलब्ध गराउन तथा सदस्यहरुका स्थानीय उत्पादनलाई बजारिकरण गर्न व्यापार,व्यावसाय गर्न सुपथ पसलको अवधारणा अनुसार शेयर सदस्यहरु ऋण दिने गरेको छ । विभिन्न समय परिस्थितिमा हुने भवितव्य विपद्/महामारीको समयमा समेत यस संस्थाले समुदाय र सदस्यको साथमा रहि विभिन्न किसिमका राहत तथा ऋण दिने जस्ता कार्यक्रम संचालन गर्दै आएको छ ।

"समृद्धिका लागी समुदाय संगसगै" भन्ने मुल नारा तय गरेको यस संस्थाले विभिन्न सामाजिक काम समेत गर्दै आईरहेको छ । वित्तीय सेवालाई प्रविधि मैत्री बनाउनु पर्दछ भन्ने मान्यता बोकेको यस संस्थाले सदस्यहरुलाई विभिन्न प्रकारको प्रविधिमुलक सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

भिजन ( VISION ) : "आर्थिक तथा सामाजिक रुपान्तरणका लागी गरिब तथा विपन्न परिवारलाई स्वरोजगार एवं आत्म–निर्भर बनाउने" भिजन रहेको यस संस्थाले विभन्न समयमा समाजमा विभिन्न किसिमका अभिमुखिकरण तालिम प्रदान गर्दै आईरहेको छ ।

मिसन ( MISSION ) : "गरिब किसान र साना उद्यमीहरुलाई वित्तीय तथा गैर वित्तीय सेवाको पहुँचमा ल्याई उनिहरुको गुणस्तरिय जीवनयापनका लागि सहकारीको मर्म बमोजिम नविनतम प्रविधिका साथ उद्यमशिलता र व्यवसायिकताको विकास गरि अधिकतम रोजगारी सृजना गर्ने ।

नारा : "समृद्धिका लागी समुदाय संगसगै"

यस संस्थाले हाल सदस्य एवम् समुदाय स्तरमा सेवा प्रदान गर्ने उद्देश्यले देहाय बमोजिमका व्यवसायिक व्यक्तिलाई ऋण लगानी प्रदान गर्दै आई रहेको छ ।
संस्थाको मुख्य कारोवार कार्यालय स्थापना भएको छ ।

१. सहकारी

सदस्य तथा समुदायमा गुणस्तरिय सेवा सुविधा प्रदान गर्दै आई रहेको यस संस्थाले सुदुरपश्चिम प्रदेश डडेल्धुरा जिल्ला भागेश्वर गा पा वार्ड न १,२ र ५ मा सेवा दिईरहेको छ । २०८० चैत्र मसान्त सम्मको वित्तिय विवरण निम्मनानुसार रहेको छ ।

| क्र.सं | शिर्षक | विवरण | क्र.सं | शिर्षक | विवरण |
|---|---|---|---|---|---|
| १. | शाखा संख्या | १ | ३. | शेयर पुंजी कोष | ६६३३७५२ |
| २. | कर्मचारी संख्या | ३ | ४. | बचत | १०१००१५७ |

| क.सं | शिर्षक | विवरण | क.सं | शिर्षक | विवरण |
|---|---|---|---|---|---|
| ५. | सदस्य संख्या | ६७१ | ६. | कर्जा लगानी | २०२७४७३२ |

**सहकारीको मुख्य चुनौती र अवसरहरु**

१. आन्तरिक कारण

(क) बुझाइमा अस्पष्टता

नेपालको संविधान भाग—४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५० को उपधारा ३ मा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न, राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य हुनेछ। भन्ने उल्लेख छ ।

सहकारीको उत्पादन प्रणालीमा लगानी, स्वामित्व, संचालन र लाभ सामूहिक ढंगले नै हासिल हुने कारण सामाजिक न्यायसहितको विकासको परिकल्पना गर्दा यस क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ । यसै पनि सार्वजनिक निकायले उत्पादन तथा व्यवसायमा प्रत्यक्ष रूपमा सहभागी नहुने र निजी क्षेत्र नाफामूलक क्षेत्रमा मात्र आकर्षित हुने हुँदा सहकारीको भूमिका महत्वपूर्ण छ ।

सहकारी क्षेत्र उत्पादन र व्यवसायमा संलग्न नहुने हो भने आर्थिक विकास त हुनसक्ला तर आर्थिक समानता र सामाजिक न्याय हासिल हुन सक्दैन । नेपालको सहकारी अभियानलाई संविधानले परिकल्पना गरे अनुरूप समाजवाद उन्मुख व्यवस्थाको सहयोगी बनाउनका लागि सरकार र सरकार संचालन गर्ने दलमा स्पष्ट दृष्टिकोण हुन जरूरी छ । नेपालको सन्दर्भमा सहकारी क्षेत्रलाई कता लैजाने भन्ने विषयमा सहकारी क्षेत्रको नेतृत्वमा वैचारिक स्पष्टता आवश्यक छ ।

संविधानले गरेको व्यवस्थालाई तीन खम्बे अर्थनीति भनेर व्याख्या त गरियो तर त्यो अनुरूपको व्यवहार हुन सकेन । सरकारले सहकारी क्षेत्रलाई संविधानको मर्म अनुरूप प्राथमिकतामा राख्न सकेन । सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वय, अधिकार क्षेत्र र भूमिकाको बारेमा संसदबाटै मार्गदर्शन बन्नु आवश्यक थियो ।

अनि त्यसैको आधारमा सरकारको बजेट र योजना तर्जुमा हुनुपर्थ्यो । तीनै तहका सरकारहरूले सहकारी क्षेत्रसँग कसरी समन्वय र सहकार्य गर्ने भन्ने विषयमा नीतिगत, कानुनी र कार्यान्वयनको तहमा स्पष्ट मार्गचित्र

बनाउन जरूरी थियो । यो पर्याप्त मात्रामा हुन सकेन । सहकारी अभियानले पनि अधिकारको पैरवी गरिरहँदा उत्तरदायित्व र जवाफदेहीको पक्ष बिर्स्यो । यो सहकारी स्वच्छन्द ढंगले संचालन हुँदै जाने देखिन्छ समयमै अनुगमन गरि सुझाव दिने गरि कार्यान्वयनमा ल्याउन जरुरी छ ।

(ख) कमजोर नियमन प्रणाली

सहकारी क्षेत्रको अनुगमन, नियमन कमजोर हुनु सहकारी संकटको मुख्य कारण हो । समग्र सहकारी संस्थाको ठूलो हिस्सा वित्तीय कारोबार गर्दछ । बचत तथा ऋण सहकारी बाहेक अन्य विषयगत संस्थाको पनि वित्तीय कारोबार नै मुख्य कारोबार रहेको छ । तर, सहकारी क्षेत्रसँग जोखिम न्यूनीकरणको क्षमता अत्यन्तै कमजोर छ । नियमन पक्ष कमजोर भएकाले सहकारीहरू मूल्य, मान्यता र आदर्शबाट विचलित हुँदै गएको छ ।

यतिसम्म कि नियामक निकायसँग न त विश्वसनीय तथ्यांक छ न त नियमनका लागि आवश्यक व्यावसायिक क्षमता नै । सहकारी दर्ता तथा नियमनको अधिकार तीनै तहको शासकीय तहमा प्रत्यायोजन गरिएकोले गर्दा समस्या झन् भयावह बन्दै गएको छ । प्रभावकारी नियमन नहुँदा सहकारी मार्फत सदस्यहरुको ठूलो रकम जोखिममा परेको छ ।

सहकारी संस्था सुशासनमा छैनन्, कारोबार अपारदर्शी छ भन्ने कुरामा नियामक निकाय बेखबर थिएन । सहकारी मार्फत जुनसुकै बेला ठूलो वित्तीय समस्या सृजना हुनसक्छ भन्ने कुरामा सहकारी विभाग जानकार थियो । आवश्यकताको पहिचान नै नगरी रातारात नयाँ संस्था दर्ता गरिदिने, बचत ऋणको मुख्य कारोबार गर्ने संस्थालाई देशभर कार्यक्षेत्र स्वीकृति दिने, अनुचित लाभ लिएर संस्थाका सेवाकेन्द्र स्वीकृत गर्ने, सहकारीका साधारणसभामा गएर सहकारीका सबै अनियमितताको साक्षी बन्ने काम नियामकबाटै भइरहेको छ । समस्या यस्तो विकराल बन्दा समेत सहकारी विभागले निर्देशन जारी गर्ने बाहेक यो निकाय बेखबर जस्तै बनिरहेको छ ।

(ग) सुशासन र स्वनियमन

सहकारी स्वभावैले सामूहिक समृद्धिको सपना देख्ने थलो हो । सदस्यका आवश्यकता र आकांक्षा पूरा गर्न सामूहिक स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणद्वारा संचालन हुने भएकोले यस क्षेत्रमा सरकारको नियमन र हस्तक्षेप भन्दा पनि प्रवद्र्धनात्मक भूमिकाको अपेक्षा गरिन्छ । सुशासन र स्वनियमन भन्ने वित्तिकै खुला, पारदर्शी र पूर्ण जवाफदेही भएर संचालन हुने संस्था भएकोले राज्यको नियमन र नियन्त्रणको आवश्यकता नै हुँदैन भन्ने मान्यता छ ।

ऐन—कानुनको पालना, आन्तरिक नियमन, अनुगमन र लेखा परीक्षणलाई प्रभावकारी र बाध्यकारी बनाउन, सुशासन र वित्तीय प्रतिवेदनका आधारभूत मूल्य र मापदण्डलाई इमान्दारीपूर्वक कार्यान्वयन भएको सुनिश्चितता होस् भन्ने उद्देश्यले सहकारी ऐनमा नै लेखा सुपरीवेक्षण समितिको व्यवस्था गरिएको छ ।

सहकारी सुशासनका लागि सदस्य, संचालक समिति, लेखा सुपरीवेक्षण समिति एवं कर्मचारीको महत्वपूर्ण भूमिका हुन्छ । यदि, यीमध्ये कुनै पक्षको भूमिका प्रभावकारी भएन भने सुशासनको सुनिश्चितता हुँदैन । तर, कतिपय ऋण गलत नियतले दिएको यस सहकारीले देखिन्छ । ऋण अपारदर्शी छ, व्यावसाय दर्ता नगरीकन ठुलो मात्रमा रकम दिएको छ । समयमा नै असुली तर्फ ध्यान दिनु पर्नेछ ।यस सहकारीको सुशासन र वित्तीय अनुशासनको अवस्था एकदम कमजोर छ ।

सहकारी क्षेत्रलाई मर्यादित, व्यावसायिक, समावेशी एवं सहभागितामूलक बनाउन, स्वनियमनका विधिको निर्माण र कार्यान्वयनमा सहकारी अभियानको शीर्ष निकाय राष्ट्रिय सहकारी महासंघ तथा विषयगत केन्द्रीय संघहरूको मुख्य भूमिका हुन्छ । तर, सहकारी अभियानका नेतृत्वदायी निकायहरू प्रभावकारी छैनन् । संकटका बेला संवाद, परामर्श, मार्गदर्शन र सहयोग गर्न छोडेर सोह्रश्राद्धका पण्डित जस्तै उद्घाटन, भाषण र भ्रमणमै व्यस्त छन् ।

**सहकारीहरू किन समस्यामा परे भनेर केही समय अगाडि शेयर सदस्य, संस्थाका संचालक/कार्यकारीहरूसँग अनौपचारिक छलफल गर्दा निस्केको निष्कर्ष यस्तो छः**

(१) संस्थाको अध्यक्ष, कार्यकारी प्रमुख तथा संचालकले आफ्नो वा आफन्तका नाममा ठूलो रकम लिएर निजी लगानी गरेको पाइयो । लगानी गर्न कानुनतः मिल्दैन तर, संचालकहरूले नै विभिन्न नामका व्यापार व्यवसाय देखाई ऋण लिएको छ । व्याजमात्र तिर्ने सावा पुजी नतिर्ने गरेको यस सहकारी सस्थाका कार्यकारी प्रमुख र प्रवन्धकले व्यवसाय र जग्गा खरिद ऋण लिएको देखिन्छ ।

(२) लेखा सुपरीवेक्षण समितिले आफ्नो जिम्मेवारी निष्ठा र इमानपूर्वक निर्वाह गरेको भए यो समस्या आउँदैनथ्यो । संस्थाले ऐन, कानुन, मापदण्ड पालना गरेको छ/छैन, अवैध कारोबार भएको छ/छैन भनेर ’वाचडगको भूमिका निर्वाह गर्नुपर्ने हो । तर, लेखा समिति संचालक समितिको बैठकमा सहभागी भएर गलत निर्णयको साक्षी बस्ने र लाभको भागबण्डामा साक्षी भएको समेत पाइयो ।

(३) बचतको ठूलो रकम गैरकानुनी तरिकाले सदस्यका घर—जग्गा कारोबार, व्यापार र गाडी खरिदसम्ममा लगानी गरिएको देखिन्छ कृषकहरुको वचत विना धितो रु पाँच लाख लगानी गरिएको देखिन्छ । चार वर्ष भएर पनि व्याजमात्र भुक्तानी भएको सावा नतिर्रेको देखिन्छ ।सहकारीले कुनै पनि यस्ता प्रकारका ऋणीहरुलाई नियमन भित्र अटाउने प्रयाश नै नगरेको पाईयो ।

(४) कतिपय ऋणिहरुले लिने व्यक्तिले सस्तो ब्याजमा ऋण लिएर चर्को ब्याजमा समेत लगानी गरेका छन भन्ने शेयर सदस्यहरुबाट सुन्नमा आएको छ ।

(५) सहकारी सामाजिक प्रकृतिको उद्यम हो । सहकारी संचालकहरू स्वयंसेवक हुनुपर्छ भन्ने मान्यता छ । सदस्यको स—सानो बचत समेत जोखिममा पर्न थाल्यो भन्ने शेयर सदस्यहरुको विश्वास घट्दै जान्छ भन्ने मूल्य मान्यतालाई विर्सन हुन्न ।

(६) नियामक निकायले सहकारी ऐन, कानुन कार्यान्वयनका बारेमा ध्यान दिएनन् । वित्तीय कारोबार गर्ने सहकारीको कार्यक्षेत्र विस्तार गरि दिए तर अनुगमन तिर ध्यान नदिएको देखिन्छ ।

(घ) राजनैतिक हस्तक्षेप

सहकारी अभियानलाई अगाडि बढाउने उपयुक्त नीति निर्माण गर्नका लागि स्वाभाविक रूपमा राजनैतिक दलको सहयोग आवश्यक हुन्छ । तर, नेपालको सहकारी अभियानमा राजनैतिक हस्तक्षेप बढी भएको कारण व्यावसायिक पक्ष कमजोर हुँदै गएको छ ।

केन्द्रीय तथा प्रारम्भिकस्तरका सहकारीको नेतृत्व चयनमा दलीय प्रभाव र हस्तक्षेप, नेतृत्वमा कार्टेलिङ्ग छ, लामो समयदेखि निश्चित व्यक्तिहरूको हालीमुहाली रहँदै आएको छ । राजनीतिक पार्टीहरूको मिलेमतोमा सहकारी संघ, महासंघको नेतृत्व चयन हुने गरेको छ । नेतृत्वमा जानेहरूमा सहकारी संस्था संचालनको अनुभव र व्यावसायिक दक्षतामा कमी भएका कारण सहकारी क्षेत्रको गुणस्तर क्रमशः खस्किंदै गइरहेको छ ।

(ङ) महँगो ब्याजदर

सहकारी संस्थाको ब्याजदर तुलनात्मक रूपमा महँगो छ । सरकारले समृद्ध नेपालको परिकल्पना गरेको छ । जब हामी समृद्धिको कुरा गर्दछौं स्वाभाविक रूपमा उद्यमशीलताको विकास आवश्यक हुन्छ । पूँजीको उपलब्धता र कर्जाको ब्याजदरले उद्यमशीलता सप्रने वा बिग्रने धेरै हदसम्म निर्धारण गर्दछ ।

उद्यमशीलताको विकासका लागि पूँजीमा सहज पहुँच, प्रक्रियागत सरलीकरण, सुलभ कर्जा, सीपमूलक जनशक्ति निर्माण, प्रविधिको उपलब्धता, बजार जस्ता आधारभूत कुरामा सहजीकरण आवश्यक छ । तर, सहकारीको हालको ब्याजदर उद्यमशीलता विकासका लागि सहज छैन । महँगो ब्याजदरमा बचत संकलन गर्ने र अनुत्पादक क्षेत्रमा लगानी गर्ने गरेको कारणले पनि सहकारी संकटग्रस्त बनेका हुन् ।

(च) उत्पादन बजारीकरणमा न्यून उपस्थिति

सहकारीहरू मूलतः उत्पादनमा केन्द्रित हुनुपर्ने हो । तर, सहकारी मार्फत कति उत्पादन वृद्धि भयो, कति आयात प्रतिस्थापन र रोजगारी सृजना भयो ? कुल गार्हस्थ्य उत्पादनमा सहकारीको योगदान कति छ भन्ने कुरा तथ्यांकका आधारमा होइन, हामी तर्कका आधारमा दाबी गरिरहेका छौं ।

उत्पादक र उपभोक्ताको बीचको सम्बन्ध स्थापित गर्न र बिचौलियाको प्रभाव कम गर्न उपभोक्ता सहकारीको भूमिका महत्वपूर्ण हुन्छ । नेपालमा उपभोक्ता सहकारीहरू खुलेका त छन् तर सक्रिय छैनन् । श्रमिक सहकारीहरू खुलेका छैनन् । सहकारी संघहरू पनि राजनैतिक उद्देश्यले स्थापना भएका छन् त कति अनुदानका लागि । स्थापना भएका संघ—संस्था किन चलेनन् भन्ने विषयमा कसैलाई चासो छैन ।

(छ) प्रविधि, प्रणाली र दक्ष जनशक्तिको अभाव

सहकारी क्षेत्र संकटग्रस्त बन्नुको अर्को महत्वपूर्ण कारण आवश्यक मात्रामा प्रविधि, प्रणाली र जनशक्ति विकास नहुनु हो । सहकारी क्षेत्रको गुणात्मक विकासका लागि मानव संशाधन विकासको योजना छैन । यसले प्रत्यक्ष रूपमा व्यावसायिकता र गुणस्तरमा प्रभाव पारिरहेको छ । अन्त कतै जागिर नपाए सहकारी खोल्ने, बैंकमा प्रक्रिया पुऱ्याउन नसक्नेले सजिलो बाटो सहकारीबाट ऋण लिने, राजनीतिक पार्टीमा पद नपाए सहकारीको नेता बन्ने प्रचलन पाइन्छ । यसले सहकारीको प्रतिस्पर्धी क्षमतालाई कमजोर बनाएको छ ।

(२) बाह्य कारण

(१) सहकारी संस्थाहरू किन संकटग्रस्त बने ? यस सन्दर्भमा सत्य—तथ्य पत्ता लगाउनका लागि सरकारले वित्तीय क्षेत्रका विज्ञसहितको समिति बनाएर नमूना सर्वेक्षण, परीक्षण र विश्लेषण गर्न आवश्यक छ । सहकारी संस्था सफलता र असफलताको कारण के हो ? सहकारीको कारोबार कति सुरक्षित छ ? नियामक निकायका तर्फबाट कुन मितिमा के कस्तो निर्णय भयो ? र, के परिणाम आयो ?

यसबाहेक सहकारी संघ, महासंघ र बैंकले के—कस्तो मार्गदर्शन गरे र, कहाँ—कहाँ चुके ? सहकारी संस्थामा सदस्यको सहभागिताको अवस्था कस्तो छ ? सहकारी शिक्षा किन प्रभावकारी भएन ? यस्ता तमाम प्रश्नको उत्तर नखोजी वर्तमान समस्या समाधान गर्न संभव छैन । त्यसैले सरकारले यथाशीघ्र अध्ययन गरोस् । अन्य सहकारीको कस्तो अभ्यास भइरहेको छ भन्ने विषयमा अभिमुखिकरण गर्नु पर्ने देखिन्छ ।

(२) वित्तीय कारोबार गर्ने सहकारीको अनुगमन, नियमन र सुपरीवेक्षण गर्दा यसका मूल्य—मान्यता र सिद्धान्त अनुरूप होस् । सुशासनको अवस्था कमजोर छ । आगामी दिनमा त्यसखालको कमी—कमजोरी नहोस् भन्ने कुरामा ध्यान दिन जरूरी छ ।

(३) सहकारी संस्थाहरूको कारोबारमा परेको संकटलाई दृष्टिगत गरी संस्थाहरूको वित्तीय क्षमता अभिवृद्धि गर्न, सदस्यको दोहोरोपन घटाउन र अवैज्ञानिक ऋण लगानी कार्यक्षेत्र अतिक्रमणको अवस्था (ओभरल्याप) कम गर्न समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारी संस्थाहरूको एकीकरणलाई प्रोत्साहन गर्न आवश्यक छ । यसले एक व्यक्ति एक संस्थाको कानुनी व्यवस्थाको कार्यान्वयनका साथै प्रविधिको उपयोग एवं नियमनकारी निकायलाई अनुगमन गर्न पनि सजिलो हुन्छ ।

(४) सहकारी संस्थाहरूको कारोबारको आकार र गुणस्तरको आधारमा वर्गीकरण गर्ने व्यवस्था हुन सकेमा समुदायमा आधारित एवं सदस्यकेन्द्रित भएर सञ्चालन भएका सहकारी संस्थाहरूले सरकारी अनुदान र सहयोगका कार्यक्रमहरू कार्यान्वयन गर्ने अवसर प्राप्त गर्न सक्छन् । यसले अन्य संस्थालाई पनि सुशासन र गुणस्तर कायम गर्न प्रोत्साहित गर्न सक्छ ।

(५) सहकारीको कारोबारलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउन प्रविधिको उपयोगमा जोड दिन आवश्यक छ । सहकारी क्षेत्रमा युवाहरूलाई आकर्षित गर्न पनि आधुनिक प्रविधिमा सहकारीको दक्षता बढाउनुपर्छ । सहकारी क्षेत्रको विवरण सुरक्षित गर्न विद्युतीय कारोबारलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

(६) सहकारीलाई सही चरित्रमा फर्काउन सहकारी सिद्धान्त, मूल्य—मान्यता अनुरूप सञ्चालन गर्नुपर्ने देखिन्छ । सहकारी संस्थाहरूको वित्तीय कारोबारको जोखिम न्यूनीकरणका लागि कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष, स्थिरीकरण कोष स्थापना र संचालन, आन्तरिक लेखा परीक्षण प्रभावकारी बनाउनुका साथै तथ्याङ्क संकलन र विश्लेषणलाई विश्वसनीय बनाउन आवश्यक छ ।

सहकारीका अवसरहरू

-नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ घ को उपधारा १ र ३ मा उल्लेख भएअनुसार १ मा सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने ३ मा सहकारी क्षेत्रलाई प्रवद्र्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने भनी उल्लेख गरिएको छ,

-नेपालको आवधिक योजनाले सहकारीलाई विशेष महत्व दिएको छ,

-सहकारी तालिम र शिक्षाको क्रमशः विकास र विस्तार हुँदै गएको छ,

-सहकारीका माध्यमबाट ठूलो पूँजी परिचालन हुँदै गएको,

-गैरसरकारी संस्थाहरूले पनि सहकारी संस्थाहरूको दर्ता, सञ्चालन विधि र शिक्षा तथा सीपं विकासमा योगदान पु-याएको,

-सुपथ मूल्यका सहकारी पसलहरूको विस्तार भएको,

-सहकारी बैंकले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त गरेको,

-सहकारी अस्पतालहरूले समुदायको स्वास्थ्य सेवामा विस्तार गरेको ।

चुनौतीहरू

-नीतिगत, कानुनी, सस्ंथागत, प्रक्रियागत, सुशासनमा कमी,

-सही कर्जा लगानी र जोखिम व्यवस्थापन पक्षमा कमजोरी,

-सहकारीका सदस्य र कर्मचारी बीचमा क्रेता र विक्रेताको व्यवहार र कर्मचारी र सञ्चालकमा मालिक र मजदुरको भावना,

-प्राविधिक वा विषयगत अदक्षता,

-सहकारी संस्थाहरूको तुलनामा नियमन गर्ने निकायहरू न्यून हुनु र अनुगमन संयन्त्र ज्यादै कमजोर हुनु,

-पर्याप्त मात्रामा शिक्षा तालिम र जनचेतनाको अभाव,

-राज्यका नीति निर्माताहरू सहकारी प्रति उदासिन रहनु,

-सहकारीका नाममा व्यक्तिगत व्यापार गर्ने प्रवृत्ति हावी हुनु,

-सहकारीमा सम्वद्ध निकायहरूबीचमा समन्वयको अभाव र अस्वस्थ प्रतिस्पर्धा,

-देशको राजनीतिक अस्थिरता र खिचातानी,

-सदस्यहरूमा दोहोरो सदस्यता लिने प्रवृत्ति,

-सहकारी हुने गरेका ठगीलाई कारवाहीको दायरामा ल्याउन प्रभावकारी कानून र कार्यान्वयन संयन्त्र नहुनु,

-सहकारी संस्थाहरू बाहिरी नियन्त्रण र अनुगमन भन्दा प्रजातान्त्रिक तरिकाले आन्तरिक नियन्त्रण पद्धतिबाट सञ्चालित हुनुपर्नेमा अधिकांश संस्थाका सदस्यहरूको निष्क्रियताको कारण सञ्चालकहरूले मनोमानी ढङ्गले संस्था सञ्चालन गर्ने गरेको एकातिर पाइएको छ भने अर्कोतिर सहकारीका अधिकांश सदस्यहरू आफ्नो अधिकार र भूमिकाबाट अनभिज्ञ रहेका छन ।

सुधार गर्नुपर्ने पक्षहरू :

विद्यमान कानुनको परिमार्जन र सुधार हुनुपर्ने दीर्घकालीन सहकारी सुधारका योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने पर्याप्त र व्यापक रूपमा सहकारी तालिम र शिक्षाको व्यवस्था गरिनुपर्ने, सरकार-साझेदारी कार्यक्रमको अवधारणालाई कार्यान्वयन गरिनुपर्ने, अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरिनुपर्ने अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने, सहकारीका सिद्धान्तको पालनामा हुने बलमिच्याईलाई रोक्नुपर्ने देखिन्छ । यसैगरी सहकारी क्षेत्रमा बढ्दो वित्तीय कारोबारको सन्दर्भमा लगानीकर्ता एवम् बचतकर्ताको हकहित अनुकुल भए नभएको सम्बन्धमा नियमनका लागि मौजुदा कानूनमा नियमन सम्बन्धी पर्याप्त प्रावधानको व्यवस्था गरिनुपर्छ ।

सहकारी संस्थाको संख्या र सदस्यहरूको वृद्धिलाई समेट्ने गरी सहकारी सम्बन्धी प्रशिक्षण कार्यक्रमलाई विविधीकरण र विस्तार गरिनुपर्छ । सहकारी क्षेत्रको प्रवद्र्धन विस्तार र नियमन कार्यमा सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग अन्तर्गतको सहजकारी भूमिकालाई क्रियाशील बनाउनु आवश्यक छ । सहकारी घुम्ती सेवा सञ्चालन, सहकारीमैत्री आर्थिक नीति अवलम्वन, सहकारीको संस्थागत सुशासन सुदृढ गर्न सञ्चालक र शेयर सदस्यहरूले स्व—नियमन, निगरानी, सुपरीवेक्षण र निरीक्षण गर्ने नीति आवश्यक छ । यसैगरी सहकारी छाता ऐनको आवश्यकता, व्यावसायिक योजना निर्माण र कार्यान्वयनमा जोड, उत्पादन प्रशोधन र बजारीकरण हुनुपर्ने देखिन्छ । विचौलियाहरूलाई निरुत्साहित पार्ने कानुनको निर्माण, एकीकृत सहकारी बजारको स्थापना, लेखापरीक्षण चुस्त र दुरुस्त पनि सुधार गर्नुपर्ने पक्षमा पर्न जान्छन् ।

समाधानका उपायहरू :

सहकारीमा देखिने विविध प्रकारका समस्या र चुनौतीहरूलाई समाधान गर्नका लागि विभिन्न उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ । जस्तोः

- सहकारी ऐन तथा सहकारी नियमावलीमा परिमार्जन र संशोधन गरी वित्तीय कारोवार गर्ने सहकारीलाई वित्तीय अपराध सम्बन्धी बैंकिङ्ग कसुर सरहको कारबाहीको प्रावधान हुनुपर्ने,
- सहकारी दर्ता नियमनलाई व्यवस्थित गर्न वर्तमान मापदण्डलाई समयानुकुल सुधार गर्नुपर्ने,
- अनुगमन सम्बन्धी छुट्टै नियमावली, कार्यविधि र कार्ययोजना तयार पार्नुपर्ने,
- स्थानीयतहले सहकारी अनुगमनको लागि पर्याप्त बजेट र दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने,
- शेयर सदस्यहरू बीचमा सहकारी शिक्षा, चेतना र जागरुकता फैलाउनुपर्ने,
- वित्तीय क्षेत्रका सरोकारवाला निकायहरूको बीचमा समन्वय र सहयोगको आदान-प्रदान नियमित रूपमा हुनुपर्ने,
- विना धितो ऋण प्रवाह नगर्ने ।
- व्याज संगै साँवा असुली गर्ने गरी विनियमावलीमा आवश्यक सशोधन एवम् परिमार्जन गर्ने तर्फ ध्यान दिने ।
- पँहुच भएका व्यक्तिलाई मात्र ऋण लगानी गर्ने जस्ता कार्य तत्कालै सुधार गर्ने ।
- भनसुनका आधारमा जोखिम क्षेत्रमा लगानी नगर्ने ।
- स्थानीयतहसग समन्वय र सहकार्य गर्ने ।

अनुगमन प्रतिवेदनकर्ता

संयोजक श्री खगेन्द्र भारती प्र प्र अ


सदस्य श्री प्रेम सिह घोटा यो अ


सदस्य श्री मदन सिह भाट स्वा अ


सदस्य श्री वीर वहादुर मल्ल सह लेखापाल

सदस्य श्री चेत राज भट्ट क अ

फोटोहरु






लेकबेशी कृषि सहकारी
संस्था लि.
भागेश्वर-२ रूपाल, डडेल्धुरा
USAID
REDMI NOTE 9
AI QUAD CAMERA

Email: info@bhageshwormun.gov.np
Website: www.bhageshwormun.gov.np

भागेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

बगरकोट, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. २०८०।०८१
च.नं. ९८५९

मितिः २०८१।१।१७
ने.सं. ११४४, चौलागा, ५ सोमवार

विषयः निर्देशन सम्बन्धमा ।

श्री लेकवेसी कृषि सहकारी संस्था लिमिटेड,
भागेश्वर, २ डडेल्धुरा ।

प्रस्तुत विषयमा भागेश्वर गाउँपालिका वडा नं. १,२ र ५ को कार्यक्षेत्र समेत रहेको लेकवेसी कृषि सहकारी संस्था लिमिटेडको आन्तरिक लेखाजोखा सम्बन्धी अनुगमन गर्दा तपसिल बमोजिमको देखिएकोमा उक्त संस्थालाई तत्काल सुधार गर्न देहाय बमोजिमको निर्देशन पालन गर्न गराउन हुन अनुरोध छ ।

(खगेन्द्र भारती)
प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

१. व्यक्तिगत ऋण खाताहरुको हरहिसाव चौमासिक रुपमा पूर्ण रुपमा दुरुस्त राख्ने,
२. सहकारी नियमावली २०७५ को नियम ७ को उपनियम १,२,३ बमोजिमको मापदण्ड अनुरुप गर्ने,
३. ऋणीहरुलाई व्यवसाय दर्ताको आधारमा प्राथमिकतामा राखी ऋण स्वीकृत गर्ने,
४. ऋणदाताहरुको ऋणको किसिम अनुसार किस्ता, व्याजदर फरक भएकोले असुली प्रकृयाको मापदण्ड बनाई तुरुन्त साधारण सभाबाट विनियम संसोधन गर्ने व्यवस्था मिलाउने,
५. सहकारी नियमावली २०७५ को नियम १३ को उपनियम (क) (ख) (ग) (घ) (ङ) (च) (छ) बमोजिमको कार्य गर्ने,
६. कर्जा असुली विधिको परिमार्जन गरि तत्कालै विनियम साधारण सभाबाट संसोधन गर्ने,
७. सहकारी नियमावली २०७५ को नियम ७५ मा उल्लेखित नियमलाई नेपाल सरकारले तोके बमोजिम मात्र गर्ने गराउने व्यवस्था मिलाउने ।